# मिश्रित निर्वाचन प्रणालीका फाइदा तथा वेफाइदाहरू

- निश्चल पोखरेल
एलएल.बी, प्रथम वर्ष, काठमाडौं स्कुल अफ ल

एउटा व्यवस्थित निर्वाचन प्रणालीमा नियम र विधिहरू तय गरिएको हुन्छ र सोही नियम र विधिबाट उम्मेद्वारहरू चुनिने गरिन्छ र ती चुनिएका व्यक्तिहरूले आफ्नो भावना, प्रतिविम्बित र प्रतिनिधित्व गर्न सक्छन् । प्रतिनिधिहरूको भावना र विचारहरू देश र जनताको उच्चतम विकासकालागि हुनु पर्दछ । विश्वका विभिन्न भू-भागहरूमा विभिन्न प्रकारका निर्वाचन प्रणालीहरू देख्न सकिन्छ तर जस्तो किसिमको निर्वाचन प्रणाली देखिए तापनि यसको मुख्य उद्देश्य भनेको जनताको विचार, समूह, लिङ्ग र वर्गको प्रतिनिधित्व गराई राज्यको आयस्रोतलाई समान रूपमा विभाजन गरी कानून निर्माणमा मद्दत पुऱ्याई राज्यको सुशासन र समृद्धिमा भाग लिन उत्प्रेरित गराउनु हो । यसको अर्को उद्दश्य चाँहि जनताको ज्ञानको विकास गरी सामाजिक अन्तरद्वन्द समाप्त गर्नु हो । यही उद्देश्य अनुसार विभिन्न राष्ट्रहरूमा विभिन्न निर्वाचन प्रणालीहरू अपनाइएको पाइन्छ र ती मध्ये बढीमत, बहुमत, समानुपातिक प्रणाली प्रमुख प्रणाली अन्तर्गत पर्दछन् । यसैगरी मिश्रित निर्वाचन प्रणाली पनि एक हो ।

**मिश्रित प्रणाली**

मिश्रित प्रणाली भन्नाले बढीमत/बहुमत र समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीको मेलबाट उम्मेद्वार वा प्रतिनिधि छान्ने निर्वाचन पद्दती हो । यस पद्दतीले दुवै निर्वाचन प्रणाली प्रयोग गरेर प्रतिनिधित्वहरू छनौट गर्दछ । जसमध्ये सूचीमा आधार राखी समानुपातिक प्रतिनिधित्व प्रणाली र अर्को एकल सदस्यीय निर्वाचन क्षेत्रमा अपनाउने बढीमत वा बहुमत प्रणाली । यसरी मिश्रित निर्वाचन प्रणाली अन्तर्गत एकल संख्या बहुमत निर्वाचन र पार्टी सूची निर्वाचन प्रणालीलाई दुई फरक प्रणाली मानेर स्वतन्त्र ढंगले प्रयोग गरिन्छ ।

मिश्रित निर्वाचन प्रणाली २ प्रकारको हुन्छ वा गर्न सकिन्छ । बढीमत वा बहुमत प्रणालीको आधारमा सानो दलको प्रतिनिधित्व नभएको खण्डमा खसेको भोट अनुसार बहुमत/बढीमत नपाउने तर उम्मेदवारलाई प्रतिनिधित्व गराउने समानुपातिक निर्वाचन प्रणाली स्वीकार गर्नु हो जसलाई मिश्रित सदस्यीय समानुपातिक प्रणाली भानिन्छ । यो प्रणालीले निर्वाचनको परिणाम हेरेर खसेको भोट खेर जान नदिन खसेको भोट प्रतिशतको आधारमा समानुपातिक प्रतिनिधित्व गराउँछ । जस्तै नेकपा एमाले, नेका, नेकपा मा बीच निर्वाचन भयो । जसमा नेकपा एमाले २०%, नेका ५५% नेकपा (मा) २५%, अन्य १०%

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np

यसरी एमालेले २०% मत ल्याएर पनि उम्मेदवार विजयी हुन नसकेको खण्डमा २०% सम्म स्थान समानुपातिक प्रतिनिधित्वको सूचिबाट सो दललाई दिइन्छ । मिश्रित सदस्यीय समानुपातिक प्रतिनिधत्व प्रणाली प्रयोग गर्ने देशहरू , न्युजिल्याण्ड, इटाली, जर्मनी, हंगेरी, बेलोभिया आदि हुन् ।

**समानान्तर प्रणाली**

समानान्तर प्रणाली एक यस्तो प्रणाली हो जसमा दुईवटा मतपत्रहरू प्रयोग हुन्छ । यो प्रणालीमा मानिसहरू एउटा मतपत्रद्वारा पार्टी वा दललाई मत दिन्छन् भने अर्को मतपत्रद्वारा समानान्तर रूपमा मत प्रदान गर्छन् । यो प्रणाली विशेष गरी जापान, थाइल्याण्ड अदि ले अपनाएको देखिन्छ । समानान्तर प्रणालीमा सूचीमा आधार राखी समानुपातिक प्रणाली र अर्को व्हुमतबाट प्रतिनिधिहरू चुनिन्छन् र पहिले नै कुनै पद्धतीबाट कति स्थानमा प्रतिनिधिहरू छान्ने तोकिएको हुन्छ । जस्तै वर्तमान युक्रेनले सूचीमा आधारित भई ५०% स्थानबाट उम्मेद्वार चुन्न र बाँकीको ५०% स्थानमा बढीमत/वहुमतले उम्मेद्वार चुन्ने भनेर स्थान तोकिएको देख्न सकिन्छ ।

**मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्वका फाइदाहरू**

१. ठूला जनसंख्या, भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृति विविधता भएको मुलुकमा यो प्रक्रियाले राष्ट्रिय स्तरको प्रतिनिधित्वहरू चुन्न सक्दछ ।

२. यसरी चुनिएका प्रतिनिधिहरू कुनै एक जात, धर्म र संस्कृतिको नहुने हुनाले प्रतिनिधित्वमा विविधता यसको मुख्य फाइदा हो ।

३. प्रतिनिधिहरू यस्तो प्रक्रियाबाट आउने भएकोले पारस्परिक पार्टी र क्षेत्रका मजबुती र कमजोरी थाहा पाउन र त्यसको सुधारमा एकजुट भई काम गर्न सक्छन् ।

४. एक-आपसमा यसरी राम्रो सम्बन्ध राखेर काम गर्दा राजनीतिज्ञहरूमा राजनीतिक कौशलको विकास हुनजान्छ ।

५. एउटा दलको वहुमतमा मात्रै रहेर काम गर्दा अरु पार्टीको सिद्धान्तको राम्रो कुराहरू साटासाट नहुने तर यो प्रणालीबाट आएरपछि राजनीतिज्ञहरूमा विचारको वाद प्रतिवाद भएर राम्रो सैद्धान्तिक विकास हुन्छ ।

६. यो प्रणालीको अर्को प्रमुख फाइदा हो जनताको सबैमत उपयोग हुनु र यसरी जनताको सबैमत उपयोग भएमा पार्टीले पाएको मत प्रतिशत आधारमा प्रतिनिधिहरू समानुपातिक प्रणालीबाट चुनिने र यसबाट एउटा पार्टीले बोकेको लक्ष्यहरू मात्र पुरा नभई एउटा मानिसको वा दलको कुर्सी प्रतिको मोह पनि घट्छ ।

७. आफूले दिएको मत खेर नजानेहुँदा मानिसमा मत दिने राजनीतिक क्षेत्रमा सहभागीता धेरै हुन्छ ।

८. यसरी जनता राजनीतिमा सहभागी भएपछि राजनीतिक दलहरूको भूमिका र कामहरू महत्वपूर्ण हुन्छ ।

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : **info@ksl.edu.np**

९. अरु निर्वाचन प्रणाली भन्दा यो निर्वाचन प्रणालीले प्रजातन्त्रको पूर्ति धेरै गर्दछ किनभने यसले धेरै उम्मेद्वारहरू मार्फत धेरै मानिसको जनभावना समेटेको पाइन्छ ।

**मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्वका वेफाइदा**

१. ठूलो जनसंख्या भौगोलिक विविधता र सांस्कृतिक विविधता रहेको देशमा र शिक्षित जनताको प्रतिशत कम रहेको मुलुकमा ये प्रणालीलाई व्यवहारिकरुपमा लागू गर्न गाह्रो हुन्छ ।

२. बेग्लै जात, धर्म र संस्कृतिबाट प्रतिनिधित्वहरू चुनिने भएकाले प्रतिनिधिहरूमा जातीय, धार्मिक र सांस्कृतिक विचारमा फरक र मतभेद नआउला भन्न सकिन्न ।

३. विभिन्न विचार र सिद्धान्तबाट प्रतिनिधिहरू चुनिने भएकोले पार्टी र सिद्धान्तको जति परस्परमा राम्रो सम्बन्ध कायम हुने सम्भावना हुन्छ त्यति नै पार्टी र सैद्धान्तिक भिन्नता आउने सम्भावना हुन्छ ।

४. यस्तो भिन्नताले व्यवस्थापिकामा विवाद, राजनीतिक अस्थिरता, विचार र राज्यको संचालनमा विविधता र अनेकता पनि आउन सक्तछ ।

५. त्यसैल यो एक जटिल, असजिलो र समय धेरै लाग्ने विधि हो ।

६. नेपालीहरूमा नागरिक चेतना त्यति विकास नभइसकेको हुनाले एक त व्यवस्थापिकामा चुनिएका प्रतिनिधिहरूमा वैचारिक कदर होला भन्न सकिन्न र अर्को यहि चेतनाको कमीका कारण सबै जनताको मतको उपयोगिता व्यवहारिक रूपमा हुन्छ हुँदैन भन्ने कुरा द्विविधात्मक छ ।

७. यो प्रणालीलाई व्यवहारिकता दिन नागरिक चेतना र मौलिक ज्ञान अति आवश्यक छ । यो प्रणाली एकल स्थान तथा सानो निर्वाचन क्षेत्रमा उपयुक्त हुँदैन ।

**समानान्तर प्रणालीका फाइदाहरू**

१. यो प्रणालीले सूची समानुपातिक प्रतिनिधित्व प्रणाली र एक सदस्यीय क्षेत्रीय प्रतिनिधित्वको गुणहरू प्रयोग गर्नु नै यो प्रणालीको प्रमुख फाइदा हो ।

२. निर्वाचन गर्नुभन्दा पहिला नै कुन क्षेत्रमा कुन पद्दतीबाट निर्वाचन गर्ने भनेर तोकिएको हुँदा यो प्रणाली अरुभन्दा सजिलो हुन्छ ।

३. यस प्रणालीले क्षेत्रीय र दलीय दुवै तहको प्रतिनिधित्व गर्दछ र यसो गर्नाले सबै जनताको भावनाहरू दुईवटा मतपत्रले समेट्छ ।

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np

४. यदि निर्वाचन क्षेत्रमा समानुपातिक निर्वाचन प्रणालीको पद्द्तीलाई बढी प्रतिशत दिइन्छ भने स-साना पार्टी र दलहरू पनि समानुपातिक प्रणालीबाट बाँडफाँडमा स-साना दलले पनि केही स्थान प्राप्त गर्छन जुन बढीमत वा वहुमतमा सम्भव छैन ।

५. यो प्रणालीबाट धेरै जस्तो देशमा मतदातालाई आफ्नो क्षेत्रका उम्मेद्वार आफैं छान्ने अवसर प्राप्त हुन्छ ।

६. राजनीतिक दलहरूकालागि यस प्रणालीमा छुट्टै मतपत्र प्रयोग हुन्छ ।

**समानान्तर प्रणालीका बेफाइदाहरू**

१. देशलाई निर्वाचनका दृष्टिले विभाजन गर्दा निर्वाचन प्रक्रियामा एकरूपता देखिदैन ।

२. यसरी निर्वाचन प्रक्रियामा एक रूपता नआउँदा विचार र नीतिमा विवाद भई सामाजिक अस्थिरता बढ्न सक्छ ।

३. कार्यगत कुरा नमिल्दा पार्टी र क्षेत्रप्रतिको कदर घट्ने र राष्ट्रिय एकता सम्ममा प्रश्न चिन्ह लाग्ने कुरामा दुईमत नहोला ।

४. समानुपातिक निर्वाचन प्रणालीबाट आउने प्रतिनिधिहरू जनताहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुँदैनन् र तिनीहरूको कुनै निश्चित निर्वाचन क्षेत्र हुँदेन ।

५. यो प्रणालीले पनि सबै दलहरूको प्रतिनिधित्व सुनिश्चित गर्न सक्दैन किनभने त्यसकालागि प्रतिशतको एउटा सीमाना तोकिन्छ र त्यो सीमा भन्दा बढी मत ल्याउने दलले मात्र प्रतिनिधित्व पाउँछन् र कम मत ल्याउनेले प्रतिनिधित्व पाउँदैनन् । जस्तै जर्मनमा ५% भोट ल्याएपछि मात्रै समानुपातिक प्रतिनिधित्व हुन्छ र ४.९९% भोट ल्याए पनि त्यो मतबाट प्रतिनिधित्व हुँदेन ।

६. यी प्रणालीहरूका स्वरुप उस्तै भएकोले मतदाताहरू यसबाट भ्रमित हुन सक्दछन् ।

७. यस विधिमा मिश्रित सदस्यीय समानुपातिक प्रणालीमा जस्तै सबै जनताको मत कार्यगत र व्यवहारिक रूपमा उपयोग नहुन सक्छ ।

■

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np